प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

प्रशासन सेवा, सामान्य प्रशासन/राजस्व/लेखा समूह, पाँचौ तह, सहायक पाँचौ वा सो सरह पदको

खुला प्रतियोगितात्मक लिखित परीक्षा-२०८०

परीक्षा मिति: २०८०/०२/१९ **पत्र:** द्वितीय

पूर्णाङ्क: १०० **विषय:** नेपालको समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन

समय: २ घण्टा ३० मिनेट

निम्न प्रश्नहरूको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड-क (अङ्क-५०)

1. नेपालको वर्तमान संविधानको विशेषताहरू उल्लेख गर्नुहोस्। **[१०]**
2. नेपालमा लोकतन्त्र र गणतन्त्र स्थापनाका लागि भएका प्रयासहरूको बारेमा वर्णन गर्नुहोस्। **[१०]**
3. आर्थिक सूचक (परिसूचक) भनेको के हो? नेपालका प्रमुख समष्टिगत आर्थिक सूचक (परिसूचक)हरूको अवस्था तथ्याङ्कसहित प्रस्तुत गर्नुहोस्। **[३+७]**
4. नेपालको संविधानमा व्यवस्था गरिएको स्थानीय तहको एकल र साझा अधिकारको बारेमा चर्चा गर्नुहोस्। **[५+५]**
5. संयुक्त राष्ट्र सङ्घले अघि सारेको दिगो विकासका लक्ष्यहरू सम्बन्धी कार्यक्रमको अवधारणा र लक्ष्यहरू माथि प्रकाश पार्नुहोस्। **[४+६]**

खण्ड-ख (अङ्क-५०)

6. सार्वजनिक सुनुवाइ भन्नाले के बुझ्नुहुन्छ? गुनासो व्यवस्थापनमा सार्वजनिक सुनुवाइ सम्बन्धी वर्तमान व्यवस्थामा सुधार गर्न चाल्नुपर्ने उपायहरू प्रस्ट पार्नुहोस्। **[४+६]**
7. तल दिइएका विषयमा टिप्पणी लेख्नुहोस्: **[५+५]**

   क. कार्य सम्पादन मूल्याङ्कन ख. योगदानमा आधारित पेन्सन

8. बागमती प्रदेश लोक सेवा आयोगको गठन विधि बारे प्रकाश पार्दै वर्तमान सन्दर्भमा यसको भूमिकालाई थप प्रभावकारी पार्न चाल्नुपर्ने उपायहरू प्रस्तुत गर्नुहोस्। **[४+६]**
9. कस्ता विकास निर्माणका कामहरूमा वातावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य हुन्छ? वातावरणीय प्रभाव मूल्याङ्कन कसरी गरिन्छ? प्रक्रियाहरू उल्लेख गर्नुहोस्। **[३+७]**
10. विपद् व्यवस्थापन भन्नाले के बुझिन्छ? विपद् पूर्वतयारी (Disaster Preparedness) सम्बन्धमा स्थानीय तहको भूमिका बारेमा चर्चा गर्नुहोस्। **[३+७]**

MIRAS ACADEMY
LEARN · GROW · SUCCEED
लोकसेवा तयारी बैंकिङ्ग तयारी शिक्षक सेवा तयारी संस्थान्न तयारी
CONTACT 9851335414/15
LOCATION CTC Mall 7th Floor, Sundhara Kathmandu
Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)

• समाप्त •

LEARN • GROW • SUCCEED

प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

प्रशासन सेवा, सामान्य प्रशासन समूह, पाँचौ तह, सहायक पाँचौ वा सो सरह पदको

खुला प्रतियोगितात्मक लिखित परीक्षा-२०८०

परीक्षा मिति: २०८०/०२/२० **पत्र:** तृतीय

पूर्णाङ्क: १०० **विषय:** सेवा सम्बन्धी

समय: २ घण्टा ३० मिनेट

निम्न प्रश्नहरूको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड-क (अङ्क-५०)

1. सङ्गठनको परिभाषा दिनुहोस्। सङ्गठन निर्माणका प्रमुख आधारहरू के के हुन्? लेख्नुहोस्। **[२+८]**
2. निर्णय निर्माणका विधिहरू के के हुन्? कुन अवस्थामा कुन निर्णय गर्ने विधि उपयोगी हुन्छ? उदाहरणसहित उल्लेख गर्नुहोस्। **[४+६]**
3. कार्य विवरण र अधिकार प्रत्यायोजनको बारेमा छोटो चिनारी दिनुहोस्। कार्य विवरणमा उल्लिखित कार्यहरूलाई अधिकार प्रत्यायोजन गरेर कर्मचारी प्रशासनमा सुधार ल्याउन के के पक्षमा कार्यालय प्रमुखले विचार पुऱ्याउनुपर्ला? टिप्पणी गर्नुहोस्। **[४+६]**
4. कार्यालयको सम्पत्तिको सुरक्षा र उपयोग व्यवस्थित गर्न पूरा गर्नुपर्ने व्यवस्थापकीय कामहरू उदाहरणसहित उल्लेख गर्नुहोस्। **[१०]**
5. कार्यालय प्रमुखहरूको नियमित बैठकमा १० जना कार्यालय प्रमुखहरू उपस्थित भई विभिन्न ५ वटा विषयहरू बारे निर्णय भएछ। उपरोक्त बैठकको माइन्यूट र निर्णय कसरी गर्ने? एउटा नमुना प्रस्तुत गर्नुहोस्। **[१०]**

खण्ड-ख (अङ्क-५०)

6. विकासमा जनसहभागिता भनेको के हो? विकासमा जनसहभागिता किन आवश्यक छ? स्थानीय तहको विकास निर्माणमा जनसहभागिता बढाउन के उपाय अवलम्बन गर्नुपर्ला? लेख्नुहोस्। **[३+३+४]**
7. प्रदेश तथा स्थानीय तहको जनशक्ति आपूर्तिमा प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशले कसरी कार्यसम्पादन गर्दछ? विस्तृत रूपमा चर्चा गर्नुहोस्। **[१०]**

MIRAS ACADEMY
लोकसेवा तयारी | बैंकिङ तयारी | शिक्षक सेवा तयारी | संस्थान्न तयारी
CONTACT 9851335414 / 15
LOCATION CTC Mall 9th Floor , Sundhara Kathmandu
Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)

8. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँ पालिकालाई के कस्ता राजस्व सम्बन्धी अधिकार रहेका छन्? उल्लेख गर्दै स्थानीय तहमा राजस्व वृद्धि गर्न के गर्नुपर्ला? सुझाव दिनुहोस्। **[६+४]**
9. प्रदेश सरकारले बजेट तर्जुमा (स्रोतको पहिचान देखि प्रदेश सभाबाट पारित गर्दासम्मको) गर्दा अवलम्बन गर्नुपर्ने विधि र प्रक्रियाहरू सिलसिलेवार रूपमा प्रस्तुत गर्नुहोस्। **[१०]**
10. आयोजना भन्नाले के बुझ्नुहुन्छ? आयोजना चक्र (Project Cycle) बारे उल्लेख गर्नुहोस्। **[३+७]**

प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

प्रशासन सेवा, लेखा समूह, पाँचौ तह, लेखापाल/आ.ले.प. सहायक पदको

खुला प्रतियोगितात्मक लिखित परीक्षा-२०८०

परीक्षा मिति: २०८०/०२/२२ **पत्र:** तृतीय

पूर्णाङ्क: १०० **विषय:** सेवा सम्बन्धी

समय: २ घण्टा ३० मिनेट

निम्न प्रश्नहरूको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड-क (अङ्क-५०)

1. नेपाल सरकारको खाता सूचीको परिचय दिनुहोस्। एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरणका आधारहरू उल्लेख गर्नुहोस्। **[३+७]**
2. नेपाल सरकारले आर्थिक प्रशासन व्यवस्थापनमा प्रयोगमा ल्याएको सूचना प्रविधिमा आधारित प्रणालीहरू TSA, CGAS र SUTRA को परिचय दिनुहोस्। यस्ता प्रणालीको उपयोगबाट खर्च प्रणालीमा के कस्ता सुधारहरू भएका छन्? लेख्नुहोस्। **[६+४]**
3. प्रदेश सरकार र सङ्घीय सरकार एवम् प्रदेश सरकार र स्थानीय सरकार बीच अनुदान तथा राजस्व बाँडफाँड प्रबन्ध कस्तो छ? स्पष्ट पार्नुहोस्। **[५+५]**
4. सार्वजनिक खरिदमा ध्यान दिनु पर्ने महत्वपूर्ण पक्षहरूको बारेमा विवेचना गर्नुहोस्। **[१०]**
5. परामर्श सेवा खरिद भन्नाले के बुझ्नुहुन्छ? परामर्श सेवा खरिद गर्दा अपनाइने ४ वटा विधिहरूका विषयमा छोटकरीमा लेख्नुहोस्। **[१०]**

LEARN • GROW • SUCCEED
MIRAS ACADEMY
लोकसेवा तयारी बैंकिङ तयारी शिक्षक सेवा तयारी संस्थान्न तयारी
CONTACT 9851335414 / 15
LOCATION CTC Mall 9th Floor , Sundhara Kathmandu
Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)

खण्ड-ख (अङ्क-५०)

6. स्याहा भनेको के हो? नगद (Cash) र प्रोधभावी (Accrual) प्रणाली बीचको भिन्नता स्पष्ट पार्नुहोस्। **[३+७]**
7. लेखा प्रमुखको काम, कर्तव्य र अधिकार प्रस्ट पार्नुहोस्। **[१०]**
8. आन्तरिक र अन्तिम लेखा परीक्षणको अवधारणामाथि प्रकाश पार्दै स्थानीय तहको आन्तरिक लेखा परीक्षण शाखाको जिम्मेवारीहरू उल्लेख गर्नुहोस्। **[५+५]**
9. जोखिममा आधारित लेखा परीक्षणको अवधारणा प्रस्ट गर्दै जोखिम पहिचानको प्रक्रिया बारे चर्चा गर्नुहोस्। **[३+७]**
10. नेपालमा लेखा व्यवसायको विकास तथा प्रवर्द्धनमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले खेल्न सक्ने भूमिका वर्णन गर्दै लेखापरीक्षकले पालना गर्नुपर्ने आचरणहरू बताउनुहोस्। **[५+५]**

• समाप्त •

LEARN • GROW • SUCCEED
MIRAS ACADEMY
लोकसेवा तयारी
बैंकिङ तयारी
शिक्षक सेवा तयारी
संस्थान्न तयारी
CONTACT
9851335414 / 15
LOCATION
CTC Mall 9th Floor ,
Sundhara Kathmandu
Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)